# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - २

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल वैशाख २० गते शुक्रबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा अपरान्ह ६:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा सम्माननीय राष्ट्रपति महोदयबाट गरिएको सम्बोधनको प्रति टेबुल गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७ को उपनियम (३) बमोजिम सम्माननीय राष्ट्रपति महोदयबाट गरिएको सम्बोधन प्रति निम्नलिखित धन्यवादको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

### धन्यवादको प्रस्ताव

> "सम्माननीय राष्ट्रपतिद्वारा संघीय संसदको चौथो अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०७६ साल वैशाख २० गते शुक्रबारका दिन गर्नुभएको सम्बोधनको लागि प्रतिनिधि सभाको यो बैठक सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्दछ ।"

तत्पश्चात सम्माननीय सभामुखले धन्यवादको प्रस्तावद्वारा सम्माननीय राष्ट्रपति महोदयबाट गरिएको सम्बोधनमा उल्लिखित आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रममाथि छलफल गर्न र सम्माननीय प्रधानमन्त्रीबाट जवाफ दिनका लागि समेत २०७६ साल वैशाख २२, २३ र २४ गतेका दिनहरु तोकेको र उक्त दिन छलफल गर्न दलीय प्रतिनिधित्वको आधारमा भाग लिन दलीय पदाधिकारीहरुले आ-आफना दलका वक्ता प्रतिनिधि मा० सदस्यहरुको नाम बैठक प्रारम्भ हुनु एक घण्टा अगावै कार्यव्यवस्था शाखा, संघीय संसद सचिवालय, नयाँ बानेश्वरमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्नुहुँदै आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रममाथि संशोधन पेश गर्न चाहनु हुने दलीय प्रतिनिधि मा० सदस्यहरुले सोको सूचना २०७६ साल वैशाख २१ गते बिहान ११:०० बजेदेखि दिनको ३:०० बजेभित्र कार्यव्यवस्था शाखा, संघीय संसद सचिवालय, सिंहदरबारमा दिनुहुन जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा १११ को उपधारा (५) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १३१ को खण्ड (क) बमोजिम प्रतिनिधि सभामा उत्पत्ति भएको कुनैपनि विधेयक सभाले पारित गरी राष्ट्रिय सभामा पठाएको दुई महिना भित्र पारित गरी वा सुझाव सहित यस सभामा फिर्ता पठाउनु पर्ने व्यवस्था रहेको जानकारी गराउनु हुँदै सोही प्रावधान बमोजिम प्रतिनिधि सभाको बैठकबाट पारित गरी २०७५ असोज ११ गते राष्ट्रिय सभामा पठाइएको राहदानी विधेयक, २०७५ दुई महिना भित्र पारित गरी वा सुझाव सहित फिर्ता नआएकोले सोही नियमावलीको नियम १३१ बमोजिम प्रतिनिधि सभाको तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यले पारित गरी निर्णय गर्नुपर्ने भएकोले उक्त राहदानी विधेयक, २०७५ लाई पारित गरियोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

तदनन्तर बैठक २०७६ साल वैशाख २२ गते आइतबार बिहान ११:०० बजे बस्नेगरी अपरान्ह ६:२५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव